**नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आठौं बार्षिक साधारण सभाको विवरण तथा निर्णयहरुः**

**दर्ता नं. ११७१०६/०७०/०७१**

**कार्यक्रमको रुपरेखा**

**कम्पनी सचिवद्वारा कार्यक्रमको शुभारम्भ**

१) आसन ग्रहण ।
२) स्वागत मन्तव्य ।
३) सभाको बैधानिकता र साधारण सभा सम्बन्धी भएगरेका काम कारबाही तथा प्रस्ताव सम्बन्धी जानकारी ।
४) सभाको उदघाटन
५) सभा अध्यक्षज्युद्वारा वार्षिक प्रतिवेदन प्रस्तुति ।
६) प्रतिवेदनमाथि टिका–टिप्पणी / छलफल गर्ने र बोल्ने कार्यक्रम
७) शेयरधनीहरुवाट आएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ
८) प्रस्ताव उपर छलफल गर्दै पारित गर्ने ।
९) धन्यवाद ज्ञापन तथा सभाको विसर्जन ।

**१.प्रारम्भिक :-**

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८ साल पौष ०८ गते बसेको सञ्चालक समितिको १२४ औं बैठकले संस्थाको आठौं बार्षिक साधारणसभा मिति २०७८/१०/०६ गते बिहिबार (तदनुसार २० जनवरी २०२२) धादिङ्ग क्रिक रिसोर्ट, धादिङ्गवेशी धादिङ्गमा सम्पन्न गर्ने निर्णय भएको थियो । कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीको नियम १९ बमोजिम सञ्चालक समितिको अध्यक्षले साधारण सभाको अध्यक्षता गर्नुपर्ने ब्यवस्था रहेकोमा हाल सञ्चालक समितिका अध्यक्ष श्री केशवप्रसाद आचार्य ब्यक्तिगत कामको शिलशिलामा देश बाहिर रहनुभएकोले ऐ. नियमावलीको १९ (२) मा रहेको ब्यवस्था बमोजिम उपस्थित सञ्चालकज्यूहरु मध्येबाट छनोट हुनुभएका संस्थाका सञ्चालक श्री रबिन सिजापतिज्यूको अध्यक्षतामा निम्न मिति, समय तथा स्थानमा भौतिक तथा भर्चुअल (Zoom) माध्यमद्वारा सहभागिता हुनेगरी उल्लेखित विषयहरू उपर छलफल र निर्णयहरु गरी आठौं वार्षिक साधारण सभा सम्पन्न गरीयो ।

**२. साधारण सभाको मिति, समय र स्थान :-**

मितिः २०७८/१०/०६ गते बिहिबार (तदनुसार २० जनवरी, २०२२)

समयः विहान ११:०० बजे

स्थानः धादिङ क्रिक रिसोर्ट, धादिङवेसी, धादिङ ।

**३. साधारण सभाको सूचना :-**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम संस्थाको आठौं बार्षिक साधारण सभा हुने बारेको सार्वजनिक सूचना मिति २०७८/०९/१३ गते र मिति २०७८/०९/१५ गतेको क्रमशः अभियान राष्ट्रिय दैनिक र कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त यो सूचना संस्थाको वेबसाइटमा पनि राखिएको थियो । सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि उहाँहरुको ठेगानामा साधारण सभा हुने बारेको सार्वजनिक सूचना तथा संस्थाको आ.व.२०७७/७८ को बार्षिक प्रतिवेदन उपलब्ध गराइएको थियो । साथै हालको कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि श्री नेपाल सरकार तथा श्री नेपाल राष्ट्र बैंक द्वारा जारी गरिएको स्वास्थ्य मापदण्डहरुको पूर्णरुपमा पालना गर्दै भौतिक रुपमा सभामा उपस्थित हुन नसक्ने शेयरधनी महाँनुभावहरुले भर्चुअल(Zoom) माध्यमद्वारा समेत सहभागिता जनाउनका लागि शेयरधनी महाँनुभावहरुको मोवाइलको म्यासेज बक्समा User ID तथा Passcode पठाई सो कुराको समेत जानकारी गराइएको थियो ।

४. **उपस्थिति**

**क) सञ्चालक समितिका पदाधिकारीहरुः**

१) सञ्चालकः श्री रबिन सिजापती
२) सञ्चालकः श्री मनिष तिमिल्सना (भर्चुअल माध्यम)
३) सञ्चालकः श्री भाष्कर नरसिंह जोशी (भर्चुअल माध्यम)
४) सञ्चालकः श्री नरेन्द्र प्रसाद छत्कुली
५) सञ्चालकः श्री राम कुमार तिमिल्सना
६) सञ्चालकः श्री जमुना श्रेष्ठ

**ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

१) प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादव

**ग) शेयरधनीहरुको उपस्थिति**

१) स्वयं उपस्थिती ६१ जना
२) प्रतिनिधि मार्फत उपस्थिती ७८ जना

## ५. सभामा प्रस्तुत छलफलका विषयहरू :-

**क) सामान्य प्रस्ताव:**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युद्धारा प्रस्तुत हुने आर्थिक बर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

**२)** लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारीत गर्ने ।

३) यस वित्तीय संस्थाको आर्थिक बर्ष २०७८/७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक के.ए.एस.एसोसिएट्स चार्टर्ड एकाउण्टेन्टस पूनः नियुक्तिको लागि ग्राहय हुनुहुनेछ )

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.४१,९०,५३,५५२।५० (रु. एकचालीस करोड नब्बे लाख त्रिपन्न हजार पाँच सय बाउन्न र पैसा पचास मात्र) को ०५ प्रतिशतले हुने नगद लाभाँश रु.२,०९,५२,६७७।६३ वितरण गर्ने प्रस्ताव माथि छलफल गरी पारीत गर्ने ।

**ख) विशेष प्रस्ताव:**

१) आर्थिक बर्ष २०७७/७८ को मुनाफाबाट १०:४ अर्थात (प्रत्येक १० कित्ता शेयर बरावर ४ कित्ता वा प्रत्येक शेयरको ४० प्रतिशतको अनुपातमा बोनश शेयर जारी गरी वित्तीय संस्थाको चुत्तापूँजी रु.५८,६६,७४,९७३।५(अक्षरुपी अन्ठाउन्न करोड छैसठ्ठी लाख चौहत्तर हजार नौ सय त्रिहत्तर पैसा पचास मात्र ) पुऱ्याउने ।

२) यस वित्तीय संस्थाले इजाजतप्राप्त घ बर्गका अन्य लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभिने (Merger) प्रयोजनको लागि आवश्यक भए समिति गठन गरी उपयुक्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सैद्धान्तिक स्वीकृतिको लागि नेपाल

राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार कानूनी परामर्शदाता, सम्पति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने, नीजहरुको पारिश्रमिक तोक्ने तथा प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभ्ने गाभिने ( Merger) संग सम्बन्धित प्रचलित कानून तथा निर्देशन बमोजिम गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने ।

३) वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (क) (ख) र (ग) र नियमावलीको दफा ३२ (१) (ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

**६. गणपूरक संख्या र साधारण सभा सम्बन्धमा भएका काम कारबाही सम्बन्धी संक्षिप्त जानकारी:**

लेखापरीक्षकवाट आर्थिक बर्ष २०७७/७८ मा भएको कारोबारको लेखापरीक्षण गराई सो प्रतिवेदनलाई नेपाल राष्ट्र बैंकबाट मिति २०७८/०९/०५ मा वित्तीय विवरण प्रकाशन तथा संस्थाले प्रस्ताव गरेको चुक्ता पूंजीको ४० प्रतिशतले हुन आउने रकम वरावरको वोनश शेयर तथा ५ प्रतिशतले हुन आउन रकम वरावरको नगद लाभांश (वोनश शेयर र नगद लाभांशमा लाग्ने कर समेत) साधारण सभाले स्वीकृत गरे पश्चात वितरण गर्नको लागि स्वीकृत भएको छ ।

कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक दफा ७८ बमोजिमका आवश्यक प्रतिवेदन बार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै तयार गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्ने प्रावधान अनुसार उक्त सम्पूर्ण कार्य पुरा भैसकेको छ ।

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को प्रावधान वमोजिम वार्षिक साधारण सभामा छलफल हुने विषयहरु एबं प्रस्तावहरु सहितको बार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महाँनुभावहरुको घर ठेगानामा पठाउनुको साथै मिति २०७८/०९/१३ गतेको अभियान राष्ट्रिय दैनिक र मिति २०७८/०९/१५ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा आठौं बार्षिक साधारणसभा हुने बारेको सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महाँनुभावहरुलाई जानकारी गराई सकिएको छ ।

**गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-**

| शेयर तथा शेयरधनी | जम्मा | स्वयं उपस्थित | प्रतिनिधी मार्फत उपस्थित | जम्मा उपस्थित | कूल उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | ४१,९०,५३५.५३ | २१,७४,२६१.११ | २२२,९१४.७६ | २३,९७,१७५.८७ | ५७.२० |
| शेयरधनी संख्या | ३६,३४४ | ६१ | ७८ | १३९ | |

**७. सभाको कारबाही र वैधानिकता :-**

सर्वप्रथम कम्पनी सचिवले साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम २३ ले गरेको कानूनी प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम शेयर संख्या ५७.२० प्रतिशत र शेयरधनीको स्वयंम् उपस्थिति ६१ जना रहेकोले गणपूरक संख्या पुगिसकेकाले सभा संचालन गर्न कम्पनी ऐन २०६३ अनुसार सभा वैधानिक भएको जानकारी गराउनुभयो भने संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महाँनुभावहरु, सञ्चालक तथा अन्य आमन्त्रितहरुलाई वित्तीय संस्थाको व्यवस्थापनको तर्फबाट हार्दिक स्वागत गर्दै सस्थाको भाबी योजना तथा कार्यक्रमको बारेमा संक्षिप्त रुपमा जानकारी गराउनु भयो ।

**८.सभा अध्यक्षको आसन ग्रहण :-**

साधारण सभाको अध्यक्षता ग्रहण गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र वित्तीय संस्थाको नियमावलीको १९ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको अध्यक्षता ग्रहण गर्नुपर्ने प्रावधान रहेकोमा हाल समितिका अध्यक्ष श्री केशवप्रसाद आचार्य देश बाहिर रहनुभएकोले नियमावलीको दफा १९ (२) मा रहेको व्यवस्था बमोजिम उपस्थित सञ्चालकज्यूहरु मध्येबाट छनोट हुनुभएका संस्थाका सञ्चालक श्री रबिन सिजापतिज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । त्यस पछि सभामा उपस्थित अन्य सञ्चालक तथा आमन्त्रित व्यक्तिहरुलाई आसन ग्रहण गराइएको थियो ।

**९. उदघाटन तथा ब्याच वितरण:-**

आसन ग्रहणपछि उपस्थित सञ्चालक समितिका पदाधिकारीहरु तथा आमन्त्रित विशिष्ठ व्यक्तिहरुलाई खादा लगायर स्वागत गर्नुका सभाध्यक्षद्वारा पानसमा दिप प्रज्वलन गरी आठौं बार्षिक साधारण सभाको विधिवत उद्घाटन तथा शुभारम्भ गर्नु भयो ।

**१०. आठौं बार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुति :-**

सभाध्यक्षज्यूले सभा समक्ष लघुवित्त क्षेत्रमा कायम चुनौती, अवसर संस्थाको व्यवसाय विस्तारको अवस्था, संस्थाको हाल सम्मको प्रगति समीक्षा, भावी रणनीति आदि विषयमा आफ्नो मन्तव्य पेश गर्नुभयो । आ.व २०७७/७८ को प्रतिवेदन प्रस्तुत गर्नुका साथै, व्यवसायिक उद्देश्य प्राप्तिका साथै सामाजिक उत्तरदायित्व समेत वहन गर्नुपर्ने जानकारी गराउनु भयो । लघुवित्तीय सेवा प्रदान गर्नका निमित्त वित्तीय संस्थाले विभिन्न स्थानहरुमा शाखा विस्तार गर्नुका साथै कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउने धारणा राख्दै अन्त्यमा वित्तीय संस्थालाई वर्तमान अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउने सबै पक्षलाई धन्यवाद प्रदान गर्दै आगामी दिनहरुमा पनि सदाझैं सबैको सहयोग र शुभेच्छा प्राप्त हुने विश्वास प्रकट गर्नुभयो । तत्पश्चात छलफलका विषयहरुमा आ-आफ्नो विचार क्रमबद्ध रुपमा प्रकट गर्नुहुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्नुभयो ।

**११. छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरू :-**

छलफलमा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, राय तथा सुझावहरुको मूलभूत आसयहरु निम्न बमोजिम रहेका छन् :-

**शेयरधनीहरु**

१) श्री ज्ञानेन्द्र प्रसाद पाण्डे
२) श्री शिव प्रसाद पौडेल
३) डा. सुमित्रा मानन्धर गुरुङ्ग
४) श्री ठाकुर प्रसाद पौडेल
५) श्री कृष्ण अधिकारी
६) श्री मुकुन्द श्रेष्ठ
७) श्री चन्द्र नारायण श्रेष्ठ
८) श्री शम्भु घिमिरे

शेयरधनी श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्युले सर्वप्रथम आठौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थाको सम्पूर्ण परिवारलाई बधाई तथा शुभकामना प्रकट गर्नुहुदै हाल लघुवित्त क्षेत्रमा प्रतिस्पर्धा उच्च रहेकाले परिस्थती चुनौतिपूर्ण बन्दै गइरहेको छ त्यसैले संस्थालाइ दिगो र बलियो बनाउनका लागि लघुवित्तको दायरा बढाउनुपर्ने र संस्थाको संचित कोषमा रकम

बृद्धि गरी संस्थालाई आर्थिक रुपमा सबल बनाउनुपर्ने तर्फ ध्यान पूऱ्याउन अनुरोध गर्नुभयो ।

शेयरधनी श्री शिव पौडेलज्यूले संस्थाले आफ्ना शेयरधनीहरुलाई वितरण गर्नका लागि प्रस्ताव गरेको लाभाँश दर देख्दा ज्यादै खुशी लागेको छ र आँउदा बर्षहरुमा समेत संस्थाले उच्च दरको लाभाँश वितरण गर्न सफल रहोस भन्दै शुभकामना दिनुभयो । संस्थाका सम्पूर्ण सूचकहरु राम्रो रहेकोमा आजको यो आठौं बार्षिक साधारणसभा पनि पौष समान्त भित्रै सम्पन्न गर्न सकेकोभए अझै राम्रो हुनेथियो त्यसैले आगामि बर्षहरुमा व्यवस्थापनलाई त्यस तर्फ ध्यान दिन अनुरोध गर्नुभयो ।

शेयरधनी श्री शुमित्रा मानन्धर गुरुङ्गज्यूले संस्थाका सम्पूर्ण सूचकहरु राम्रो रहेकोले संस्था राम्रो अवस्थामा रहेको छ भन्ने कुरा पुष्टि हुन्छ र साविकको महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लि.ले महिला शसक्तिकरणको क्षेत्रमा केन्द्रित भई विभिन्न कामहरु गरेकोमा अन्तराष्ट्रिय स्तरको Global Award प्राप्त गरेको स्मरण गराउँदै साविकको महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लि.नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.मा समाहित भैसकेको हुँदा संस्थाले महिला शसक्तिकरणको क्षेत्रमा गर्दै आईरहेको र गर्नैपर्ने कामहरुलाई निरन्तरता दिन अनुरोध गर्नुभयो ।

शेयरधनी श्री ठाकुर प्रसाद पौडेलज्यूले संस्थाका सम्पूर्ण पक्षहरु राम्रो रहेकोमा खुसि ब्यक्त गर्दै प्रतिवेदन लेखन तथा छपाईका क्रममा भएका स साना त्रुटिहरुलाई सच्याउनु पर्ने र संस्था नाफामुखि मात्र नभइकन सामाजिक उत्तरदायित्वको क्षेत्रमा समेत अगाडि हुनुपर्ने भन्दै संस्थाले आगामि दिनहरुमा सेवामुखि कार्यहरुमा समेत ध्यान दिन सकोस भनि हार्दिक शुभकामना दिनु भयो ।

शेयरधनी श्री कृष्ण अधिकारीज्यूले संस्थाले गतवर्षको कोभिड-१९ को प्रकोपबाट पिडित तथा अबिरल बर्षा पछि आएको बाढीबाट सम्पूर्ण बालिनाली नष्ट भएका आफ्ना ग्राहक सदस्यहरुलाई राहत वितरण गरी समाजसेवाको एउटा नमूना प्रश्तुत गरेकोले संस्था पिडित सदस्यहरुको मन मस्तिष्कमा बस्न सफल भएको छ र आउँदा दिनहरुमा पनि विभिन्न प्रकारका शिपमुलक तालिमहरुका माध्यमबाट कृषकहरुको उत्पादन देखि उपभोक्ता सम्मको समग्र प्रकृयालाई सुदृढ गर्ने किसिमका योजना र कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्नुभयो ।

शेयरधनी श्री मुकुन्द श्रेष्ठज्यूले साविकको महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लि.ले सञ्चालन गर्दै आएको राम्रा अभ्यासहरुको निरन्तरता दिन आवश्यक रहेकाले संस्थाले महिला शसक्तिकरणको विषयलाई अगाडि बढाउनका लागि हार्दिक अनुरोध गर्दै हालको मुख्य

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड धादिङ

चुनौतिको रुपमा रहेको दोहोरोपना (Duplication) बाट जोगिन विशेष ध्यान दिन समेत अनुरोध गर्नुभयो ।

शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठज्यूले संस्थाका सम्पूर्ण सूचकहरु राम्रो रहेको र आगामि दिनहरुमा समेत यसलाई निरन्तरता दिन सके संस्था प्रतिको सम्पूर्ण शेयरधनी महाँनुभावहरुको विश्वास अझै बढदै जाने धारणा ब्यक्त गर्नुभयो । साथै, हालै नेपाल राष्ट्र बैंकद्वारा निर्देशन गरिएको NFRS बारे समेत जानकारी गराइदिन अनुरोध गर्नुभयो ।

शेयरधनी श्री शम्भु घिमिरेज्यूले संस्थाले छोटो समयमा गरेको अनुकरणीय प्रगतिको लागि सञ्चालक लगायत व्यवस्थापनलाई धन्यवाद दिदै संस्थाको अझ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो । साथै कतिपय बैंक तथा वित्तीय संस्थाहरुले कर्जा वितरण गर्न नसक्ने अवस्था आएको र ने.रा.बैंकको मापदण्ड पूऱ्याउनैपर्ने परिस्थितीले गर्दा हाल लघुवित्त संस्थाहरुको सामु धेरै प्रकारका चुनौतिहरु रहेको बताउनु भयो ।

**<u>१२. वित्तीय संस्थाको तर्फबाट प्रस्तुत भएको जवाफ</u> :-**

छलफलको क्रममा शेयरधनी महानुभावहरूले वित्तीय संस्थाको समग्र क्षेत्रलाई समेटेर प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरू प्रति सभाका सभाध्यक्ष श्री रबिन सिजापतिज्यू र उहाँको आज्ञाले सञ्चालक श्री नरेन्द्र प्रसाद छत्कुलीज्यू तथा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले क्रमशः जवाफ दिनुहुँदै सम्पूर्णमा हार्दिक आभार प्रकट गर्नुभयो ।

सभामा शेयरधनी महानुभावहरुले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई वित्तीय संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दैजाने प्रतिबद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमश: पारित गरिदिनुहुन सभा अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

**प्रस्ताव उपर छलफल गर्दै पारित गर्ने काम सम्पन्न गरियो ।**

सभाध्यक्षज्यूको अनुरोध अनुसार क्रमशः प्रस्तावहरुमा सहमती जनाउँदै सम्पूर्ण शेयरधनी महानुभावहरुले ताली बजाई प्रस्तावहरु पारित गर्नु भएको थियो ।

**क. <u>सामान्य प्रस्तावः</u>**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युद्धारा प्रस्तुत हुने आर्थिक बर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी तालि बजाई सर्व सम्मतिले पारीत गर्ने निर्णय गरियो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी तालि बजाई सर्व सम्मतिले पारीत गर्ने निर्णय गरियो ।

३) यस वित्तीय संस्थाको आर्थिक बर्ष २०७८/७९ को लेखापरीक्षण कार्यको लागि हालका बहालवाला लेखापरीक्षक के.ए.एस.एसोसिएट्स चार्टर्ड एकाउण्टेन्टसलाई संस्थाको लेखा परिक्षण समितिले पून: नियुक्तिका लागि सिफारिस गरे बमोजिम Statutory Audit, Tax Audit, Long form Audit, Certification under Section 78 प्रमाणित बापतको कर सहित पारिश्रमिक एकमुष्ट रु.४,००००० / (अक्षरेपी: चार लाख मात्र) दिनुका साथै लेखा परिक्षणको क्रममा शाखा तथा केन्द्रीय कार्यालय आँउदा जाँदा लाग्ने यातायात तथा खाने बस्ने खर्च बिलको आधारमा भुक्तानी गर्ने गरी बाह्य लेखा परिक्षकको रुपमा नियुक्त गर्ने प्रस्तावलाई तालि बजाई सर्व सम्मतिले पारीत गर्ने निर्णय गरियो ।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.४१,९०,५३,५५२/५० (रु. एकचालीस करोड नब्ये लाख त्रिपन्न हजार पाँच सय बाउन्न र पैसा पचास मात्र) को ५ प्रतिशतले हुने नगद लाभाँश रु.२,०९,५२,६७७/६३ शेयरधनीहरुलाई वितरण गर्ने प्रस्तावलाई तालि बजाई सर्व सम्मतिले पारीत गर्ने निर्णय गरियो ।

**ख) विशेष प्रस्ताव:**

१) आर्थिक बर्ष २०७७/७८ को मुनाफाबाट १०:४ अर्थात (प्रत्येक १० कित्ता शेयर बरावर ४ कित्ता वा प्रत्येक शेयरको ४० प्रतिशतको अनुपातमा बोनश शेयर जारी गरी वित्तीय संस्थाको चुक्ता पूँजी रु.५८,६६,७४,९७३/५० (अक्षरेपी: अन्ठाउन्न करोड छैसट्ठी लाख चौहत्तर हजार नौ सय त्रिहत्तर पैसा पचास मात्र) पुऱ्याउने प्रस्तावलाई तालि बजाई सर्व सम्मतिले पारीत गर्ने निर्णय गरियो ।

२) यस वित्तीय संस्थाले इजाजतप्राप्त 'घ' बर्गका अन्य लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभ्ने गाभिने (Merger) प्रयोजनको लागि आवश्यक भए समिति गठन गरी उपयुक्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सैद्धान्तिक

स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार कानूनी परामर्शदाता, सम्पति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने, नीजहरुको पारिश्रमिक तोक्ने तथा प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभ्ने गाभिने ( Merger) संग सम्बन्धित प्रचलित कानून तथा निर्देशन बमोजिम गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने प्रस्तावलाई सभाले तालि बजाई सर्व सम्मतिले पारीत गर्ने निर्णय गरियो ।

३) वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (क) (ख) र (ग) र नियमावलीको दफा ३२ (१) (ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति (वा समितिले तोकेको ब्यक्ति) लाई अख्तियारी प्रदान गर्ने देहाय बमोजिमको प्रस्तावलाई सभाले तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

| प्रबन्धपत्रमा शंसोधन गर्न प्रस्तावित दफाको विवरण | | | |
|---|---|---|---|
| **प्रबन्धपत्र सम्बन्धी दफा** | **हालको अवस्था** | **प्रस्तावित संशोधन ब्यवस्था** | **संशोधन गर्नुपर्ने कारण** |
| दफा ६ (क) | वित्तीय संस्थाको अधिकृत पूँजी रु.५०,००००००० / (अक्षरेपी: पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/ दरका ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको अधिकृत पूँजी रु. ७०,००००००० / (अक्षरेपी: सत्तरी करोड मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/ दरका ७०,००,००० (सत्तरी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | संस्थाको अधिकृत पूंजी बढाउन आवश्यक भएकोले । |
| दफा ६ (ख) | वित्तीय संस्थाको जारी पूँजी रु.४१,९०,५३५५२/५० (अक्षरेपी एकचालीस करोड,नब्बे लाख, त्रिपन्न | वित्तीय संस्थाको जारी पूँजी रु.५८,६६,७४,९७३/५० (अक्षरेपी: अठाउन्न करोड छैसट्ठी लाख चौहत्तर हजार, | वित्तीय संस्थाले ४० प्रतिशतले हुन आउने रु.१६,७६,२१,४ |

| | | | |
|---|---|---|---|
| दफा ६(ग) | हजार पाँच सय बाउन्न पैसा पचास मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/ दरका ४१,९०,५३५.५२(एकचालीस लाख नब्बे हजार पाँच सय पैतीस दशवलव बाउन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>वित्तीय संस्थाको चुक्ता पूँजी रु.४१,९०,५३५५२/५० (अक्षरेपी एकचालीस करोड,नब्बे लाख, त्रिपन्न हजार पाँच सय बाउन्न पैसा पचास मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/ दरका ४१,९०,५३५.५२(एकचालीस लाख नब्बे हजार पाँच सय पैतीस दशवलव बाउन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ । | नौ सय त्रिहत्तर पैसा पचास मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/ दरका ५८,६६,७४९.७३ (अठाउन्न लाख छैसठ्ठी हजार सातसय उन्नपचास दशमलव त्रिहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>वित्तीय संस्थाको चुक्ता पूंजी रु.५८,६६,७४,९७३/५० (अक्षरेपी: अठाउन्न करोड छैसठ्ठी लाख चौहत्तर हजार, नौ सय त्रिहत्तर पैसा पचास मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/ दरका ५८,६६,७४९.७३ (अठाउन्न लाख छैसठ्ठी हजार सातसय उन्नपचास दशमलव त्रिहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ । | २१ ( रु. सोह्र करोड छयहत्तर लाख एकाइस हजार चार सय एकाइस रुपैयाँ) बरावरको बोनश शेयर जारी गर्ने प्रस्ताव गरिएकोले । |

| नियमावलीमा शंसोधन गर्न प्रस्तावित नियमको विवरण | | | |
|---|---|---|---|
| नियमावलीको सम्वन्धित नियम | हालको व्यवस्था | प्रस्तावित संशोधन व्यवस्था | शंशोधन गर्नुपर्ने कारण |
| नियम ३२ (१) (ख) | सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य | सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य | समय सापेक्ष बजार सुहाँउदो भत्ता बृद्धि गर्नुपर्ने आवश्यकता |

| | | | |
|---|---|---|---|
| | सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमशः रु.८,५००। र रु.८,०००। हुनेछ । | सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु.१२,०००। र रु.११,५००। हुनेछ । | देखिएकोले । |

**१३. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

अन्त्यमा सभाध्यक्ष श्री रबिन सिजापतिज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी यस आठौं बार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो बोर्ड, नेपाल स्टक एक्सचेन्ज, लेखापरीक्षक, संस्थाका सञ्चालकहरू र कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्नुभयो ।

ततपश्चात् सभाध्यक्षले दिउसो १:४५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

............................
तारा प्रसाद ढुंगाना
कम्पनी सचिव
मिति २०७८।१०।०६

..................
रबिन सिजापति
सञ्चालक समिति सदस्य तथा सभाध्यक्ष
मिति २०७८।१०।०६